

SAMARPAN
समर्पण
ए.पी.एफ. मासिक

बर्ष ४ | अङ्क ४ | पूर्णाङ्क ४० | पृष्ठ ८ | माघ २०८२

# 'संस्थापक सशस्त्र प्रहरी महानिरीक्षक स्व. कृष्णमोहन श्रेष्ठलाई तत्कालिन गृहमन्त्रीको हैसियतमा दर्ज्यानी चिन्ह लगाई दिएको स्मरण अझै ताजै छ'-सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेल





सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले सशस्त्र प्रहरी बल, नेपालका संस्थापक सशस्त्र प्रहरी महानिरीक्षक स्व. कृष्णमोहन श्रेष्ठलाई तत्कालिन गृहमन्त्रीको हैसियतमा दर्ज्यानी चिन्ह लगाई दिएको स्मरण अझै ताजै रहेको बताउनुभएको छ। '२५औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव)को अवसरमा प्रधान कार्यालय हल्चोक, स्वयम्भुमा माघ ९ गते आयोजित सन्ध्याकालीन विशेष समारोहलाई सम्बोधनको क्रममा उहाँले सो कुरा बताउनुभएको हो ।

प्रमुख अतिथि सम्माननीय राष्ट्रपति पौडेलले अमर सशस्त्र प्रहरी स्मारकमा पुष्पहार चढाउनुका साथै कर्तव्य पालनाको सिलसिलामा वीरगति प्राप्त गर्ने प्रथम सशस्त्र प्रहरी महानिरीक्षक स्व.कृष्णमोहन श्रेष्ठलगायत अमर सशस्त्र प्रहरीहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुका साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो ।

## उत्कृष्ट बाहिनी अवार्ड



समारोहमा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले यस वर्ष उत्कृष्ट बाहिनी हुन सफल सशस्त्र प्रहरी बल, नेपाल नं. ५ विन्ध्यावासिनी बाहिनी मुख्यालय रुपन्देहीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक दीपेन्द्र कुँवरलाई 'उत्कृष्ट बाहिनी अवार्ड' प्रदान गर्नुभयो ।

समारोहमा सम्माननीय राष्ट्रपति पौडेलले सशस्त्र प्रहरी बल नेपालको स्थापना अढाई दशकअघि विशिष्ट अवस्थामा भएको बताउनुहुँदै २५ वर्षको यात्रा केवल समयको गणनामात्र नभई त्याग, पसिना र अदम्य साहसले लेखिएको इतिहास भएको र जसको साक्षी आफू स्वयं भएको बताउनुभयो । उहाँले यो संगठन बन्दुक बोकेको शक्ति मात्र नभई सेवा, अनुशासनको प्रतीक र राष्ट्रप्रतिको निष्ठाको ज्वलन्त उदाहरण भएको बताउनुहुँदै समय परिस्थितिसँगै बदलिँदो सुरक्षा चुनौतीहरूको सामना गर्न सशस्त्र प्रहरी बल नेपाल समयभन्दा अगाडि सोच्ने र अगाडि बढ्ने शक्ति बनेर उभिनेमा विश्वास व्यक्त गर्नुभयो ।

सशस्त्र प्रहरी बल नेपाल उच्च व्यावसायिक सीप, क्षमता र कौशलको माध्यमबाट राष्ट्रहितलाई सर्वोपरि राखेर जनताको स्वतन्त्रता, स्वाभिमान र सम्पत्तिको सुरक्षा प्रदान गर्दै गरेको सेवाको प्रशंसा गर्नुहुँदै सम्माननीय राष्ट्रपति पौडेलले भन्नुभयो, 'जब राष्ट्रमा संकट पर्छ, विपद् आइपर्छ, सीमामा चुनौती थपिन्छ, राज्यको अर्थतन्त्र कमजोर हुन्छ, सबैभन्दा अगाडि उभिने सुरक्षा निकाय नै भएकोले उनीहरूको धर्म भनेकै शान्ति सुरक्षा कायम गरी मुलुक र जनताको सर्वोत्तम हितको लागि काम गर्नु हो ।'

समारोहमा विशिष्ट अतिथि सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीले राष्ट्रको स्वाधीनता, भौगोलिक अखण्डताको रक्षा गर्दै सीमा सुरक्षा, विपद् व्यवस्थापन, नागरिकको सुरक्षा क्षेत्रमा सशस्त्र प्रहरी बल नेपालले विगत २५ वर्षदेखि गर्दै आएको समर्पित भूमिकाको नेपाल सरकारले उच्च मूल्यांकन गरेको बताउनुभयो ।

उहाँले चुनौतीपूर्ण परिस्थितिमा पनि अनुशासन, निष्ठा, पेसागत कौशल र व्यावसायिकताको उच्च उदाहरण प्रस्तुत गर्दै राष्ट्रसेवामा निरन्तर खटिने सशस्त्र प्रहरी बल नेपालको भूमिका उल्लेखनीय रहेको बताउनुहुँदै जस्तोसुकै संवेदनशील क्षेत्रमा देखिएका सुरक्षा चुनौतीहरूको सामना गर्न संगठनले निर्वाह गरेको भूमिका उदाहरणीय रहेको बताउनुभयो ।

सम्माननीय प्रधानमन्त्री कार्कीले सीमा क्षेत्रमा खटिएर राष्ट्रको भूमि रक्षा गर्नुका साथै राजश्व संकलनमा सहयोगमार्फत राष्ट्रको अर्थतन्त्रलाई सुदृढ बनाउन योगदान र कठिन भौगोलिक अवस्था, जोखिमपूर्ण कार्यक्षेत्र र प्रतिकुल परिस्थितिमा पनि निष्ठाका साथ राष्ट्रसेवामा परिचालित रहनु सशस्त्र प्रहरी बल नेपालको विशेष पहिचान रहेको बताउनुभयो । उहाँले विगतका निर्वाचनहरूमा सशस्त्र प्रहरी बल नेपालले खेलेको भूमिका प्रशंसनीय रहेको र आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधि सभा सदस्य निर्वाचन लक्षित सम्भावित सुरक्षा चुनौतीहरूको अध्ययन गरी उच्च सुरक्षा सतर्कता र व्यावसायिकताका साथ कार्य गर्न निर्देशनसमेत दिनुभयो ।

समारोहमा माननीय गृहमन्त्री ओमप्रकाश अर्यालले स्वदेश तथा विदेशमा रही आफ्नो जिम्मेवारी पूरा गरिरहनु भएका बहालवाला तथा अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारीहरूप्रति आभार प्रकट गर्नुहुँदै राज्यले सुम्पिएको जिम्मेवारीसँगै विषम परिस्थितिमा समेत कुनै विचलित नभई देश र नागरिकको सेवा सुरक्षामा उच्च पेसागत दक्षता प्रदर्शन गर्दै राज्यको अब्बल सुरक्षा निकायको रूपमा परिचित रहेको बताउनुभयो ।

## रजत महोत्सव स्तम्भ तथा उद्यान उद्घाटन र पुस्तक लोकार्पण





सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले प्रधान कार्यालयस्थित स्मृति वाटिकामा नवनिर्मित २५औं रजत महोत्सव स्तम्भ तथा उद्यानको उद्घाटन गर्नुका साथै सन्ध्याकालीन विशेष समारोहमा सशस्त्र प्रहरी बल नेपालको इतिहास पुस्तक लोकार्पण गर्नुभएको थियो भने सम्माननीय उपराष्ट्रपति रामसहायप्रसाद यादवले सशस्त्र प्रहरी बल नेपालद्वारा सम्पादित कार्यहरू समेटी तयार पारिएको 'सशस्त्र प्रहरी बल नेपालको रजत महोत्सव विशेषाङ्क २०८२' को लोकार्पणसमेत गर्नुभएको थियो ।



उहाँले सीमा सुरक्षालाई संस्थागत र दिगो बनाउने उद्देश्यका साथ सशस्त्र प्रहरी बल नेपाललाई सीमामा केन्द्रित विशिष्ट सुरक्षा फौजको रूपमा विकास गर्न मन्त्रालयको रणनीति रहेको बताउनुहुँदै अन्तर्राष्ट्रिय मापदण्डअनुरूप नयाँ बीओपीहरुको विस्तार, विद्यमान बीओपीहरुको आधुनिकीकरण तथा सम्पूर्ण संगठनलाई प्रविधिमैत्री बनाउनेतर्फ मन्त्रालय लागिरहेको बताउनुभयो ।

समारोहमा धन्यवाद ज्ञापनको क्रममा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले राष्ट्रमा आइपरेका सुरक्षा चुनौतीहरूको सामना गर्न उच्च पराक्रम, अदम्य साहस, सौर्यता र वीरताको प्रदर्शन गर्दै राज्य र नागरिकको अपेक्षाहरूलाई उपलब्ध न्यूनतम स्रोतसाधनको उपयोग गरी नागरिकको सेवा, सुरक्षा, विपद् व्यवस्थापन तथा राजश्व संकलन लगायतका प्राप्त जिम्मेवारीलाई निष्ठापूर्वक निर्वाह गरिरहेको बताउनुहुँदै आगामी दिनमा समेत देश र देशवासीको हित र राष्ट्रिय सुरक्षालाई केन्द्रमा राखेर कार्य गर्नुपर्ने बताउनुभयो । उहाँले संगठनले नेपालको संविधान तथा तदनुसार निर्माण भएका कानुनले निर्दीष्ट गरेका सीमा सुरक्षा, आन्तरिक सुरक्षा, विपद् व्यवस्थापन, राजश्व संकलनमा सहयोगलगायतका कार्यहरूको अभिलेखमा मात्र सीमित नभई आम नागरिकको तन, मनमा समेत गहिरो रूपमा अनुभूति तथा प्रशंसनीय रहेको बताउनुभयो ।

## एपीएफ लाइफटाइम अचिभमेन्ट अवार्ड



समारोहमा सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीले अवकाशप्राप्त सशस्त्र प्रहरी नायव महानिरीक्षक महेन्द्रकुमार भट्टचनलाई 'एपीएफ लाइफटाइम अचिभमेन्ट अवार्ड' प्रदान गर्नुभयो ।

## सशस्त्र प्रहरी बल, नेपालको सञ्चालन:

१. नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र संघर्ष नियन्त्रण गर्ने,
२. नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण गर्ने,
३. नेपालको कुनै भागमा भएको वा हुन सक्ने आतंककारी गतिविधि नियन्त्रण गर्ने,
४. नेपालको कुनै भागमा भएको वा हुन सक्ने दंगा नियन्त्रण गर्ने,
५. नेपालको कुनै भागमा भएको वा हुन सक्ने दैवी प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुऱ्याउने,
६. नेपालको कुनै नागरिक वा अरु कसैलाई अपहरण गरिएमा अपहरित व्यक्तिको उद्धार गर्ने वा अन्य कुनै किसिमको अत्यन्त तथा गम्भीर अपराध घटेमा वा गम्भीर प्रकृतिको अपराध भएमा वा हुने आशंका भएमा त्यसलाई नियन्त्रण गर्ने,
७. नेपालको सीमा सुरक्षा गर्ने,
८. बाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही सहयोग गर्ने,
९. नेपाल सरकारले तोकेको सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थल आदिको सुरक्षा गर्ने,
१०. नेपाल सरकारले सुरक्षा दिनु पर्ने ठहऱ्याएका व्यक्ति र तोकेको संस्था आदिको सुरक्षा गर्ने,
११. यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएका वा अन्य प्रचलित कानून बमोजिम तोकिएका कार्यहरू गर्ने,
१२. नेपाल सरकारले समय समयमा तोके बमोजिमका अन्य कार्यहरू गर्ने ।

स्रोत सशस्त्र प्रहरी ऐन २०५८ को परिच्छेद २, दफा (६) को उपदफा (१) ।

१३. नेपाल सरकार मन्त्रिपरिषद्को २०५९ असोज ११ गतेको निर्णयानुसार राजस्व, भन्सार तथा औद्योगिक सुरक्षा गर्ने।
१४. नेपाल सरकार मन्त्रिपरिषद्को २०७७ पौष १५ गतेको निर्णयानुसार रेलवे सुरक्षा गर्ने ।

# २५औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव)को अवसरमा प्रभातकालीन विशेष कार्यक्रम

२५औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव)को अवसरमा प्रधान कार्यालय हल्चोक स्वयम्भुमा माघ ९ गते सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको प्रमुख आतिथ्यमा प्रभातकालीन विशेष कार्यक्रम सम्पन्न भएको छ ।



सशस्त्र प्रहरी महानिरीक्षक अर्यालले संगठनलाई यहाँसम्म पुऱ्याउन अग्रजहरूको त्याग, बलिदान र समर्पण भावको उच्च सम्मान गर्दै कर्तव्यपालनाको सिलसिलामा प्राणोत्सर्ग गर्नुहुने संगठनका संस्थापक सशस्त्र प्रहरी महानिरीक्षक स्व.कृष्णमोहन श्रेष्ठलगायत अमर सशस्त्र प्रहरीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुहुँदै कर्तव्यपालनाको सिलसिलामा घाइते भई उपचाररत सशस्त्र प्रहरी कर्मचारीहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो ।

उहाँले स्थापना दिवसले विगतका कामकारबाहीहरूको समीक्षा गरी आफूलाई थप परिष्कृत, नवीनतम् सोच र विचारका साथ अघि बढ्ने सुनौलो अवसर मिल्ने तथा आगामी दिनमा समेत नयाँ जोस, जाँगर, हौसलाका साथ जिम्मेवारी र जवाफदेहिताको भावनालाई सुदृढ गर्दै संगठनको लक्ष्य प्राप्तिमा अगाडि बढ्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

महानिरीक्षक अर्यालले सशस्त्र प्रहरी कर्मचारीहरू नैतिक रूपमा बलियो भएमा मात्र संगठन बलियो हुन्छ भन्ने कुरालाई आत्मसाथ गर्दै अनुशासित, इमान्दारिता, व्यावसायिकता, कर्तव्यनिष्ठ भई आफ्नो जिम्मेवारीमा लाग्न सम्पूर्ण सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरूलाई निर्देशन दिनुभयो ।

उहाँले संगठनलाई प्राप्त जिम्मेवारीहरूलाई आवश्यकता र अपरिहार्यताको आधारमा अध्ययन गरी कार्यादेशहरूलाई BIRD को अवधारणाअनुरूप सीमा सुरक्षा, आन्तरिक सुरक्षा, राजश्व संकलनमा सहयोग र विपद् व्यवस्थापनमा जोड दिँदै आइरहेको बताउनुहुँदै आगामी फागुन २१ गते हुन गइरहेको निर्वाचन स्वच्छ निष्पक्ष भयरहित वातावरणमा सम्पन्न गराउन सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरू उच्च मनोबलका साथ परिचालन हुन निर्देशन दिनुभयो । महानिरीक्षक अर्यालले विगतमा भएका सांगठानिक तथा रचनात्मक कार्यलाई रजत महोत्सवको अवसरमा प्रस्तुत गर्न पाउँदा सान्दर्भिक ठानेको बताउनुहुँदै सशस्त्र प्रहरी बल नेपालको आन्तरिक कार्यको लागि १०६ वटा भन्दा बढी कार्यविधि, योजना, मापदण्ड, अवधारणा, स्थायी आदेश तथा प्रतिवेदन निर्माण गरी कार्यान्वयनमा ल्याइएको बताउनुभयो ।

उहाँले संगठनमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरूको वृत्तिविकासको लागि नयाँ योजना, विभिन्न समयमा गरिएका संगठन सर्वेक्षण व्यवस्थापन (ओएण्डएम) लागू भएपछि १७ हजार भन्दा बढी सशस्त्र प्रहरी कर्मचारीहरूको बढुवा हुनुका साथै नं. १८ नीलवाराही गणलाई दंगा नियन्त्रण रेजिमेन्ट गणमा तथा नं. २४ बाघभैरव गुल्मलाई नं. १८ विशिष्ट व्यक्ति तथा महत्वपूर्ण प्रतिष्ठान सुरक्षा बाघभैरव गणमा स्तरोन्नति गरिएको र १७ वटा आश्रित गुल्म, ४५ वटा प्रस्तावित सीमा सुरक्षा गुल्म र २ सय १५ वटा बीओपीहरुलाई अस्थायीबाट स्थायी संरचनामा रूपान्तर गरिएको बताउनुभयो ।

उहाँले अन्तर्राष्ट्रिय सीमा जोडिएका जिल्लाका स्थानीय सर्वसाधारणहरूलाई जिम्मेवार र जवाफदेही बनाउँदै लैजाने उद्देश्यले सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम सञ्चालन र विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद् स्वयंसेवक तालिम प्रदान गर्नुका साथै विपद्को सूचना दिन विपद् सूचक बनाउँदै आइरहेको उल्लेख गर्नुभयो ।

## बेस्ट इन्टिग्रिटी अफिसर अवार्ड

२५औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव)को अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले 'बेस्ट इन्टिग्रिटी अफिसर अवार्ड' सशस्त्र प्रहरी नायव उपरीक्षक लोकेन्द्र सुब्बालाई प्रदान गर्नुभएको छ ।

कर्तव्यपालनाको सिलसिलामा मृत्युवरण गर्नुभएका सशस्त्र प्रहरी उपरीक्षक स्व. सुमन थपलियाको स्मृतिमा अक्षयकोष खडा गरी सो बापत प्राप्त हुने



ब्याजबाट प्रत्येक वर्ष १ जनालाई वार्षिक २५ हजार रुपैयाँ राशिको 'बेस्ट इन्टिग्रिटी अफिसर अवार्ड' प्रदान गर्ने घोषणाअनुरूप यस वर्षको बेष्ट इन्टिग्रिटी अफिसर अवार्ड नं. ३७ रिजर्भ गण पकली सुनसरीमा कार्यरत सशस्त्र प्रहरी नायव उपरीक्षक लोकेन्द्र सुब्बालाई प्रदान गरिएको हो ।

## APF, Nepal Silver Jubilee Commendation/IG APF Commendation



२५औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव)को अवसरबाट २५ वर्ष सेवा अवधि पूरा गरेका बहालवाला सशस्त्र प्रहरी कर्मचारी र २५ वर्ष सेवा अवधि पूरा गरी संगठनबाट अवकाशप्राप्त गरेका कर्मचारीहरूलाई APF, Nepal Silver Jubilee Commendation र संगठनलाई अनुकरणीय योगदान पुऱ्याउनुहुने नेपाली सेना, नेपाल प्रहरी, अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारी, राष्ट्रिय अनुसन्धान विभाग तथा अन्य विभिन्न संघसंस्थाका महानुभावहरूका साथै देशभरका सशस्त्र प्रहरी इकाईहरूमा कार्यरत रही विभिन्न विधामा उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरूलाई कदरपत्र सहित IG APF Commendation ब्याज प्रदान गरिएको छ ।

## रनिङ अवार्ड

यस वर्ष सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयबाट भएको केन्द्रीय निरीक्षणका क्रममा देशभरका इकाईहरूमध्ये सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार प्रथम हुन सफल भएको छ । समारोहमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले शिक्षालयका समादेशक सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक भरत खनियाँलाई 'रनिङ अवार्ड' प्रदान गर्नुभयो । यसैगरी



अन्य इकाईतर्फ नं. १२ गण बारा, नं १९ गुल्म नुवाकोट र मद्दति तथा सेवा गुल्म महोत्तरी उत्कृष्ट भएका छन् । सो कार्यालयका प्रमुखलाई समारोहमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले 'रनिङ अवार्ड' प्रदान गर्नुभयो ।

## उत्कृष्ट मिडिया समन्वय पुरस्कार

सोही अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सशस्त्र प्रहरी बल नेपालका सह-प्रवक्ता सशस्त्र प्रहरी नायव उपरीक्षक शैलेन्द्र थापालाई उत्कृष्ट मिडिया समन्वय पुरस्कार प्रदान गर्नुभएको छ ।



सशस्त्र प्रहरी बल नेपालको सूचना शाखामा सह-प्रवक्ताको जिम्मेवारीमा रही संगठनको गतिविधि छिटो छरितो र सहज ढंगले सञ्चारमाध्यममा उपलब्ध गराई प्रचारप्रसारमा उत्कृष्ट र प्रभावकारी कार्य गरेबापत सशस्त्र प्रहरी नायव उपरीक्षक थापालाई पुरस्कृत गरिएको हो ।

## वक्तृत्वकला पुरस्कार

दमकडा माध्यमिक विद्यालय तानसेन पाल्पामा अध्ययनरत छात्रा ओजस्वी आचार्यलाई नगद पुरस्कारसहित कदरपत्र प्रदान गरिएको छ ।

यसैगरी रजत महोत्सवका अवसरमा सशस्त्र प्रहरी



बल नेपालको भूमिका विषयमा आयोजित वक्तृत्वकला प्रतियोगितामा श्री सिद्धस्थली वोर्डिङ स्कुल सिन्धुलीमा अध्ययनरत कुशल थापा प्रथम, सत्यवती मा.वि. तनहुँमा अध्ययनरत छात्रा साक्षी वाग्ले द्वितीय र Qm Xaviers School Jawalakhel Lalitpur को कक्षा ११ मा अध्ययनरत छात्र कुशल पौडेल तृतीय हुनुभएको छ ।

## वर्ष अधिकृत, जुनियर अधिकृत र वर्ष जवान

विशेष कार्यक्रममा महानिरीक्षक राजु अर्यालले वर्षभरिमा नागरिकको सेवा, सुरक्षा र सहयोग र उद्धारमा उत्कृष्ट कार्य गर्न सफल 'वर्ष जवान-२०८२' घोषित नं. २४ कालिका गण कास्कीमा कार्यरत सशस्त्र प्रहरी सहायक हवलदार कविराज क्षेत्रीलाई 'वर्ष जवान'को ट्याग प्रदान गर्नुभयो ।







यसैगरी महानिरीक्षक राजु अर्यालले वर्षभरिमा नागरिकको सेवा, सुरक्षा र सहयोग र उद्धारमा उत्कृष्ट कार्य गर्न सफल नं. २२ गण गुहेश्वरी भक्तपुर दरबन्दी भई सीमा सुरक्षा गुल्म महिनाथपुर धनुषामा कार्यरत सशस्त्र प्रहरी नायव उपरीक्षक सुरेश कोइरालालाई वर्ष अधिकृतको ब्याचका साथै नगद २५ हजार रुपैयाँ पुरस्कार प्रदान गर्नुभएको छ । गत भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा निर्वाचन आयोग क्षति हुनबाट जोगाए बापत उहाँलाई वर्ष अधिकृत घोषणा गरिएको हो ।

यसैगरी विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार दरबन्दी भई नं. १७ गण चितवनमा कार्यरत सशस्त्र प्रहरी सहायक निरीक्षक यामबहादुर राना मगर वर्ष जुनियर अधिकृतको ब्याचसँगै नगद २० हजार रुपैयाँ पुरस्कार, नं. ३४ गण कैलाली दरबन्दी भई नं. ७ बैद्यनाथ बाहिनीमा कार्यरत सशस्त्र प्रहरी सहायक निरीक्षक वीरेन्द्रबहादुर कार्कीलाई २५ वर्ष सेवा अवधि पूरा भई उत्कृष्ट APF Silver Jubilee Honor पुरस्कार प्रदान गरिएको छ ।

## हाम्रो अस्तित्व र सार्थकता तब मात्र पूरा हुन्छ, जब हामी विपद्मा परेका नागरिकहरुको ज्यान बचाउन आफ्नो ज्यानको बाजी राखेर मृत्युको मुखबाट उद्धार गर्न सक्छौं, जब पीडाका घाउहरूलाई भरोसाको मलम लगाउन सक्छौं, असुरक्षाको प्रहारहरूलाई सुरक्षाको दृढताको प्रयासबाट निर्मूल पार्न सक्छौं-सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल

## एपीएफ सम्मान



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले २५औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव)को अवसरमा श्रीमती मिथिला शर्मा र अवकाशप्राप्त सशस्त्र प्रहरी नायव महानिरीक्षक कालिदास धौवजीलाई एपीएफ सम्मानद्वारा सम्मानित गर्नुभएको छ। यसैगरी सोही अवसरमा सशस्त्र



प्रहरी नायव उपरीक्षक दीपक कोइरालालाई एपीएफ सम्मानबाट सम्मानित गरिएको छ। उहाँ सुरक्षा सेवाको अतिरिक्त आफ्नो कला, साहित्य, अभिनय, सिर्जना, लेखन, परिकल्पना तथा सांस्कृतिक प्रस्तुति एवं सन्देशमूलक टेलिभिजन कार्यक्रमहरू र गीत संगीतमार्फत आम जनमानसमा परिचित छन्।



सुरक्षा सेवाजस्तो अनुशासित र चुनौतीपूर्ण पेसामा आबद्ध रहँदा पनि आफ्नो कला र साहित्यलाई समेत सिर्जनात्मक ढंगले अगाडि बढाइरहेका छन्।

उहाँका लेखन, अवधारणा र सिर्जनाहरूले संगठनभित्र सिर्जनात्मक संस्कृतिको विकास गर्नुका साथै सार्वजनिक कार्यक्रम, राष्ट्रिय सभा/समारोह तथा विशेष अवसरहरूलाई गरिमामय र सन्देशमूलक बनाउने कार्य समेत गरेका छन्।

## प्रभातफेरी कार्यक्रम





२५औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव)को पूर्वसन्ध्यामा माघ ८ गते बिहान प्रधान कार्यालयमा प्रभातफेरी कार्यक्रम सम्पन्न भएको छ।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको प्रमुख आतिथ्यमा प्रधान कार्यालय हल्चोकबाट सुरु भएको प्रभातफेरी कार्यक्रम स्वयम्भुनाथ परिक्रमापश्चात् सोही ठाउँमा पुगेर समापन भएको थियो। सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सम्पूर्ण सहभागी सशस्त्र प्रहरी कर्मचारी तथा महानुभावहरूलाई शुभकामना सन्देशसमेत दिनुभएको थियो।

कार्यक्रममा सशस्त्र प्रहरी परिवार महिला संघकी केन्द्रीय अध्यक्ष अनिता लामिछाने अर्याल तथा पदाधिकारीहरु, अवकासप्राप्त सशस्त्र प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरु, नेपाल पुर्व सशस्त्र प्रहरी संघका अध्यक्ष तथा पदाधिकारीहरु, नायव महानिरीक्षकहरू, सिनियर अधिकृत तथा विल्लादार जवानहरु, नेपाल एपिएफ स्कुलका विद्यार्थीहरु, नेपाल प्रहरी विभिन्न संघ संस्था तथा स्थानिय क्वबहरुको समेत उपस्थिती रहेको थियो।

## दीप प्रज्वलन



२५औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव)को अवसरमा माघ ८ गते प्रधान कार्यालयस्थित स्मृति बाटिकामा दीप प्रज्ज्वलन कार्यक्रमको आयोजना गरिएको छ। सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको प्रमुख आतिथ्यमा सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयस्थित स्मृति बाटिकामा अमर सशस्त्र प्रहरीहरूको आत्माको चीरशान्तिको कामना गर्दै दीप प्रज्ज्वलन गरिएको हो। दीप प्रज्ज्वलन कार्यक्रममा शहीद परिवारका सदस्यहरूलगायत बिल्लादार जवानहरूको उपस्थिति रहेको थियो।

## पूर्व-पश्चिम झन्डा मार्च





२५औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव)को अवसरमा सञ्चालन भएको पूर्व-पश्चिम झन्डा मार्च कार्यक्रम समापन भएको छ। प्रधान कार्यालय हल्चोक स्वयम्भुमा माघ १२ गते सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले समापन गर्नुभएको हो।

सो कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याललाई नं. ३ गढीमाई बाहिनी मुख्यालय मकवानपुरका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक अञ्जनीकुमार पोखरेल र नं. ४ बाहिनी मुख्यालय कास्कीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक दीपेन्द्र शाहले झन्डा हस्तान्तरण गर्नुभएको थियो। सो झन्डा सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयस्थित केन्द्रीय संग्रहालयमा राखिने छ।

पुस २० गतेदेखि झापा जिल्लाको मेचीनगर नगरपालिका-६ मेची पुल तथा कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिका-११ गड्डाचौकी सीमा इलाकाबाट पूर्व-पश्चिम झन्डा मार्च कार्यक्रम सुरु गरिएको थियो। नेपालको राष्ट्रिय झन्डा र सशस्त्र प्रहरी बल नेपालको झन्डासहित मार्च गर्ने टोलीले एक जिल्लाबाट अर्को जिल्लामा रहेका सशस्त्र प्रहरी कर्मचारीलाई सो झन्डा हस्तान्तरण गरी सो कार्यक्रम सञ्चालन गर्दै आएको थियो।

सशस्त्र प्रहरी बल नेपालको सीमा सुरक्षाको प्रतिबद्धता, सतर्कता र उपस्थिति सशक्त रूपमा प्रदर्शन गर्न, संगठनभित्र समन्वय, टोली भावना सुदृढ र सीमावर्ती क्षेत्रका नागरिक, स्थानीय तह तथा सरोकारवाला निकायसँग जनसम्पर्क, विश्वास र सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो।

सशस्त्र प्रहरी बल नेपालले २५औं वर्षको ऐतिहासिक अवसरलाई स्मरणीय बनाउन तथा राष्ट्रव्यापी सन्देश फैलाउने उद्देश्यकासाथ सञ्चालन गरिएको पूर्व-पश्चिम झन्डा मार्चले इतिहास, योगदान र सीमा सुरक्षामा सशस्त्र प्रहरी बल नेपालको भूमिका झल्काउने विश्वास गरिएको छ।

## २५औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव)को अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालबाट घोषणा भएका कल्याणकारी कार्यक्रमहरू

▶ अमर/शहीद सशस्त्र प्रहरी कर्मचारीहरूका ७० वर्ष उमेर पूरा भएका परिवार (आमा वा बुबा)मध्ये एक जनालाई वार्षिक १२ हजार सामाजिक सुरक्षा रकम उपलब्ध गराउने।

▶ कल्याणकारी सेवा केन्द्रबाट बहालवाला सशस्त्र प्रहरी कर्मचारीहरूलाई सहुलियत ब्याजदरमा उपलब्ध गराउँदै आइरहेको दर्जागत नगद ऋणमा वृद्धि गरी निजहरूको सेवा अवधिको आधारमा सिनियर अधिकृतलाई १५ लाखसम्म, जुनियर अधिकृतलाई १२ लाखसम्म र बिल्लादार जवान तथा परिचरलाई १० लाख रुपैयाँसम्म नगद ऋण उपलब्ध गराउने।

▶ सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द्रद्वारा सञ्चालित नेपाल एपीएफ स्कुलहरूमा कार्यरत सामाजिक सुरक्षा कोषमा आबद्ध शिक्षक शिक्षिकाहरूलाई मापदण्ड तयार गरी कल्याणकारी सेवा केन्द्रबाट उपलब्ध गराउँदै आइरहेको सहुलियत ब्याजदरको नगद ऋण र किस्ताबन्दीमा इलेक्ट्रोनिक्स सामानहरू उपलब्ध हुने कार्यक्रममा सहभागी गराउने।

▶ नेपाल एपीएफ अस्पतालबाट सेवा लिने सेवाग्राहीहरूको हितलाई ध्यानमा राख्दै सुविधा सम्पन्न Cabin मा बसी स्वास्थ्य सेवा लिन चाहने सर्वसाधारण नागरिक तथा सशस्त्र प्रहरी कर्मचारीहरूका लागि नेपाल एपीएफ अस्पताल परिसरभित्र उपयुक्त स्थान छनौट गरी कल्याणकारी सेवा केन्द्रको लगानीमा सुविधा सम्पन्न Pay Cabin सेवा थालनी गर्ने।

▶ सशस्त्र प्रहरी बल, नेपालमा कार्यरत कर्मचारीहरूमध्ये विशेष तालिम सम्पन्न गर्ने सशस्त्र प्रहरी कर्मचारीका सन्ततिहरूलाई शैक्षिक वृत्ति उपलब्ध गराउने संगठनको योजनाअनुसार '२५औं सशस्त्र प्रहरी दिवस' को अवसरबाट हाल (Special Task Force) तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरूमध्ये वार्षिक सर्वोत्कृष्ट हुने १ जना सशस्त्र प्रहरी कर्मचारीको कक्षा १ देखि कक्षा १२ सम्म अध्ययन गरिरहेका १ जना सन्ततिलाई एकपटकका लागि सशस्त्र प्रहरी दिवसको अवसरमा १२ हजार रुपैयाँ शैक्षिकवृत्ति रकम उपलब्ध गराउने र भविष्यमा यसै कार्यक्रमलाई क्रमशः अन्य विशेष तालिम प्राप्त गर्ने उत्कृष्ट सशस्त्र प्रहरी कर्मचारीहरूका सन्ततिलाई समेत समावेश गराउँदै लगिने।

▶ बहालवाला तथा अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारी एवं निजका परिवारजनको मृत्युवरण हुँदा काज-किरिया बस्न विशेष छुटसहितको सुविधा होस् भन्ने हेतुले काठमाडौं महानगरपालिका-१६ बालाजुस्थित विष्णुमती महादेव खोला संगमस्थल तारकेश्वर धाममा रहेको किरियापुत्री भवनमा 'विष्णुमती महादेव खोला संगमस्थल भौतिक सुधार समिति' सँग समन्वय गरी कल्याणकारी कोषबाट अट्याच बाथरुमसहितको दुई कोठा निर्माण कार्य थालनी गर्ने। साथै आगामी दिनमा यसै पुण्यकार्यलाई निरन्तरता दिन उपयुक्त स्थानको खोजी र निर्माण कार्य गर्दै किरियापुत्री सेवा उपलब्ध गराउने।

▶ बहालवाला सशस्त्र प्रहरी सिनियर अधिकृत र बहालवाला जुनियर अधिकृतले खरिद गर्ने हलुका नयाँ चार पाङ्ग्रे सवारी साधन खरिदमा उपलब्ध गराउँदै आइरहेको २० लाख रुपैयाँ नगद ऋणमा वृद्धि गरी खरिद मूल्यको ८० प्रतिशत रकम वा बढीमा २५ लाख जुन कम हुन्छ सोहीअनुसारको रकम उपलब्ध गराउने।

▶ सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द्रबाट सहुलियत ब्याजदरमा मासिक कोटा निर्धारण गरी नगद ऋण उपलब्ध गराउँदै आइरहेको मासिक संख्यामध्येबाटै प्रशिक्षण कार्यमा खटिने सशस्त्र प्रहरी कर्मचारीहरूको हौसला अभिवृद्धि गर्ने हेतुले २५ जना प्रशिक्षकलाई मासिक नगद ऋण उपलब्ध गराउने।

▶ प्रशिक्षण कार्यमा खटिने सशस्त्र प्रहरी कर्मचारीहरूको हौसला अभिवृद्धि गर्ने हेतुले विभिन्न विधामा उत्कृष्ट कार्य गर्ने ५० जना सशस्त्र प्रहरी कर्मचारीहरूलाई स्वदेशभित्र पारिवारिक भ्रमण गर्न प्रोत्साहन रकम उपलब्ध गराइँदै आइरहेको संख्याबाट समायोजन गरी प्रशिक्षण कार्यमा खटिने ५ जना सशस्त्र प्रहरी कर्मचारीबाट १४ जना पुर्‍याइएको छ।

▶ वातावरण संरक्षण र जलवायु परिवर्तन न्यूनीकरणलाई प्रवर्धन गर्ने राष्ट्रिय लक्ष्यअनुसार स्वच्छ, नवीकरणीय तथा बढ्दो जलविद्युत उत्पादनलाई प्रभावकारी ढंगले उपयोग गर्दै पेट्रोलियम पदार्थप्रतिको निर्भरता घटाउने र वातावरणमैत्री यातायात प्रणालीलाई प्रोत्साहन गर्ने उद्देश्यले हाल सञ्चालनमा आइरहेको विद्युतीय चार्जिङ स्टेसनहरूको स्तरोन्नति गर्ने, साथै थप स्थानहरूमा क्याफेटेरियासहितको नयाँ विद्युतीय चार्जिङ स्टेसनको सम्भाव्यता अध्ययन गरी क्रमशः स्थापना गर्दै लगिने।

▶ सशस्त्र प्रहरी बल, नेपालको स्थापनाको २५औं वार्षिकोत्सव (Silver Jubilee) को अवसरबाट २५ वर्ष सेवा अवधि पूरा गरेका बहालवाला सशस्त्र प्रहरी कर्मचारी र २५ वर्ष सेवा अवधि पूरा गरी संगठनबाट अवकाशप्राप्त गरेका पूर्व सशस्त्र प्रहरी कर्मचारीहरूलाई 'APF, Nepal Silver Jubilee Commendation' र २५ वर्ष सेवा अवधि पूरा गरेका बहालवाला अधिकृतहरूमध्येबाट उत्कृष्ट १ जनालाई 'APF, Nepal Silver Jubilee Honor' प्रदान गर्ने। साथै उक्त सम्मान तथा सम्मानपत्र खरिदका लागि आवश्यक पर्ने रकम कल्याणकारी सेवा केन्द्रले उपलब्ध गराउने।

▶ सशस्त्र प्रहरी बल, नेपाल 'कल्याणकारी सेवा केन्द्रको कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७४' बमोजिम 'वर्ष जवान' लाई पुरस्कार तथा सम्मानपत्र प्रदान गर्दै आइरहेकोमा संगठनको योजनाबमोजिम २५औं सशस्त्र प्रहरी दिवस (रजत महोत्सव)को अवसरबाट सुरु हुने गरी घोषित हुने 'वर्ष अधिकृत' र 'वर्ष जुनियर अधिकृत' लाई समेत कल्याणकारी सेवा केन्द्रको कोषबाट पुरस्कार तथा सम्मानपत्रको व्यवस्था गर्ने।

## देश र जनताको सुरक्षामा उल्लेख्य कार्यहरू गर्न सशस्त्र प्रहरी बल नेपाल सफल : गृहसचिव राजकुमार श्रेष्ठ



गृहसचिव राजकुमार श्रेष्ठले विषम् परिस्थितिमा आवश्यकताअनुरूप स्थापना भएको सशस्त्र प्रहरी बल नेपालले छोटो अवधिमा देश र जनताको सुरक्षामा उल्लेख्य कार्यहरू गर्न सफल भएको बताउनुभएको छ । माघ ४ गते प्रधान कार्यालयको निरीक्षण भ्रमणको क्रममा गृहसचिव श्रेष्ठले सशस्त्र प्रहरी बल नेपालले आफ्नो व्यवस्थापकीय सुधारात्मक कार्यहरू प्रभावकारी ढंगमा गर्दै आइरहेको बताउनुभयो ।

उहाँले सशस्त्र प्रहरी बल नेपालले सीमा सुरक्षा, आन्तरिक सुरक्षा, राजश्व संकलनमा सहयोग तथा विपद् व्यवस्थापनको क्षेत्रमा BIRD को अवधारणा समय सापेक्ष उचित रहेको र सीमा सुरक्षामा निर्वाह गर्दै आइरहेको भूमिका उत्कृष्ट र प्रशंसनीय रहेको साथै यसलाई थप सशक्त बनाउन फिल्डमा परिचालित सशस्त्र प्रहरी कर्मचारीहरूले राजश्व चुहावट नियन्त्रण कार्यलाई समेत त्रुटिरहित ढंगमा निर्वाह गर्नुपर्ने बताउनुभयो ।

गृहसचिव श्रेष्ठले सशस्त्र प्रहरी बल नेपालले विपद् व्यवस्थापनका क्षेत्रहरूमा समेत अग्रपंक्तिमा रही कार्य गर्दै आइरहेको र सशस्त्र प्रहरी बल नेपाललाई विपद् व्यवस्थापन तथा सीमा सुरक्षामा आवश्यक स्रोतसाधनको उपलब्धतामा आवश्यक पहल गर्ने बताउनुभयो ।

उहाँले सुरक्षा चुनौतीहरूको समाधानका लागि प्रभावकारी योजना तथा एकीकृत निर्वाचन सुरक्षा योजनाअनुरूप प्राप्त जिम्मेवारीहरू कुशलतापूर्वक निर्वाह गर्दै आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई भयरहित, निष्पक्ष र शान्तिपूर्ण तवरमा सम्पन्न गर्न सशस्त्र प्रहरी बल नेपालमा कार्यरत सम्पूर्ण कर्मचारीहरू उच्च मनोबलका साथ परिचालित हुनुपर्ने बताउनुभयो । सोही अवसरमा गृहसचिव श्रेष्ठले सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा विपद् उद्धारमा प्रयोग हुने सामाग्रीहरूको समेत अवलोकन गर्नुभएको थियो ।

कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सशस्त्र प्रहरी आफ्नो कर्तव्यपथमा प्रभावकारी रूपमा परिचालित हुन प्रतिबद्ध रहेको बताउनुहुँदै विद्यमान सुरक्षा चुनौतीहरूको शान्तिपूर्ण समाधानसहित नागरिकहरूको जनविश्वास हासिल गरी आगामी निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरूलाई निर्देशनसमेत दिनुभयो ।

उहाँले सीमामा बसोबास गर्ने नागरिकहरूको सुरक्षा र सीमा क्षेत्रको विकास भएमा मात्र सीमा सुरक्षा प्रभावकारी हुने हुँदा सशस्त्र प्रहरी बल नेपालले सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रमअन्तर्गत सीमा क्षेत्रमा बसोबास गर्ने स्थानीय बासिन्दालाई लक्षित गरी विभिन्न कार्यक्रमहरू समेत सञ्चालन गर्दै आइरहेको बताउनुभयो । महानिरीक्षक अर्यालले सीमा सुरक्षालाई थप सुदृढ गर्न कानुनी स्पष्टतासहित सशस्त्र प्रहरी बल नेपाललाई थप जनशक्ति, स्रोतसाधन तथा आवश्यक आधुनिक उपकरणहरूको व्यवस्थाका लागि मन्त्रालयको साथ र सहयोगको अपेक्षा रहेकोसमेत बताउनुभयो ।

कार्यक्रममा सशस्त्र प्रहरी नायब महानिरीक्षक विष्णुप्रसाद भट्टले सशस्त्र प्रहरी बल नेपालको कार्यादेश, संरचना, परिचालन, विद्यमान सुरक्षा चुनौतीलगायतका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

## प्रवक्ता तथा सूचना अधिकारी



सशस्त्र प्रहरी बल, नेपालको प्रवक्ता तथा सूचना अधिकारीको जिम्मेवारी सशस्त्र प्रहरी नायब महानिरीक्षक विष्णु प्रसाद भट्टलाई दिईएको छ ।

यसअघि सूचना अधिकारी तथा प्रवक्ता रहनुभएका सशस्त्र प्रहरी नायब महानिरीक्षक मनिष थापा सशस्त्र प्रहरी बल नेपाल नं. १ बराह बाहिनी मुख्यालय सुनसरीमा सरुवा हुनुभएपछि सशस्त्र प्रहरी नायब महानिरीक्षक भट्टलाई सो जिम्मेवारी दिईएको हो । उहाँलाई मोबाईल नम्बर ९८५१२७२००७ र ईमेल ठेगाना spokesperson@apf.gov.np मा सम्पर्क गर्न सकिनेछ ।

## निर्वाचन लक्षित वरिष्ठ अधिकृत सम्मेलन

प्रधान कार्यालयमा माघ १५ गते निर्वाचन लक्षित वरिष्ठ अधिकृत सम्मेलन सम्पन्न गरेको छ । सम्मेलनको सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले उद्घाटन गर्नुभएको थियो । वरिष्ठ अधिकृत सम्मेलनमा सशस्त्र प्रहरी बल नेपालका सम्पूर्ण बाहिनीपतिहरु भर्चुअल माध्यमबाट सहभागी हुनुभएको थियो । गराउन सुरक्षा सतर्कता अपनाउन निर्देशन दिनुभएको छ ।

उहाँले फिल्डमा खटिएका कमाण्डर निर्वाचन लक्षित सुरक्षा कारबाही गर्न स्वतन्त्र रहेको बताउनुहुँदै निर्वाचनको लागि भर्ना गरिएका निर्वाचन प्रहरीहरूलाई मर्यादित र सभ्य व्यवहार गर्दै निर्वाचनमा परिचालित हुनसमेत निर्देशन दिनुभयो । सम्मेलनमा आगामी निर्वाचन



सम्मेलनमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले फागुन २१ गते हुने निर्वाचनमा सशस्त्र प्रहरी कर्मचारीहरूले कुनै पनि राजनीतिक दलको पक्ष नलिई निर्वाचनका उम्मेदवारहरुसँग सम्पर्कमा रहिरहनु र निर्वाचन भयरहित शान्तिपूर्ण तथा निष्पक्ष रूपमा सम्पन्न लक्षित सुरक्षा चुनौती, विद्यमान परिस्थितिलगायत विविध विषय र निर्वाचनको समयमा कुनै पनि मानवीय क्षति हुन नदिनेतर्फ अन्य सुरक्षा निकाय तथा सरोकारवाला निकायहरूसँग निरन्तर समन्वय र सहकार्य गर्दै कसरी अघि बढ्ने भन्ने विषयमा छलफल भएको थियो ।

## समाजमा हुने भ्रामक र तथ्यहिन सूचनालाई चिरेर राज्यले लिएको लक्ष्यलाई पुरा गर्नेतर्फ लाग्नुपर्नेमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको जोड



उहाँले सशस्त्र प्रहरी कर्मचारीहरु आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई सम्पन्न गराउन विभिन्न निर्वाचन क्षेत्रमा तैनाथ रहँदै आईरहेको बताउनुहुँदै सो कार्यमा अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरु भूमिका समेत उल्लेखनिय रहने विश्वास व्यक्त गर्नुभयो ।

महानिरीक्षक अर्यालले अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुले समाजमा हुने वा हुनसक्ने सम्भावित घटना तथा दुर्घटना लगायतका कुराहरुलाई संगठनसम्म पुऱ्याई त्यस्ता कार्यहरुलाई समयमा

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले समाजमा हुने भ्रामक र तथ्यहिन सूचनालाई चिरेर राज्यले लिएको लक्ष्य प्राप्तीमा संगठनमा कार्यरत बहालवाला तथा अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरु एकजुट भएर लाग्नुपर्नेमा जोड दिनुभएको छ ।

माघ २७ गते नं. २४ कालिका गण कास्कीको परिसरमा निर्माण भएको नेपाल पूर्व सशस्त्र प्रहरी संघ भवन उद्घाटनको क्रममा महानिरीक्षक अर्यालले सो कुरा बताउनुभएको हो । नै सहयोगतर्फ लाग्नुपर्ने बताउनुभयो । सोही क्रममा महानिरीक्षक अर्यालले अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुसँग अन्तरक्रिया कार्यक्रम समेत गर्नुभएको थियो ।

त्यस्तै सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सशस्त्र प्रहरी बल नेपालमा भर्ना भएका निर्वाचन प्रहरीको भूमिका राष्ट्रिय सुरक्षामा समेत महत्वपूर्ण हुने उल्लेख गर्नुहुँदै उनीहरुलाई विपद् सूचकको रुपमा स्थापित गर्न निर्देशन दिनुभएको छ ।

## 'तेस्रो NAPFS अन्तर विद्यालय सशस्त्र प्रहरी महानिरीक्षक रनिङ ट्रफि फुटबल प्रतियोगिता संचालन

नेपाल एपीएफ स्कुल कीर्तिपुरमा 'तेस्रो NAPFS अन्तर विद्यालय सशस्त्र प्रहरी महानिरीक्षक रनिङ ट्रफि फुटबल प्रतियोगिता-२०८२' माघ १८ गतेदेखि सञ्चालन भएको छ । प्रतियोगिताको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेलले उद्घाटन गर्नुभयो ।

उक्त प्रतियोगितामा नेपाल एपीएफ स्कुल, कीर्तिपुर (रातो), नेपाल एपीएफ स्कुल कीर्तिपुर (निलो), नेपाल एपीएफ स्कुल कोहलपुर, नेपाल एपीएफ ठाकोदेवी जोगेन्द्र भगत स्कुल सप्तरी, सैनिक आवासीय महाविद्यालय सल्लाघारी (भक्तपुर), नेपाल पुलिस स्कुल साँगा (काभ्रे), राई स्कुल नक्साल (काठमाडौं), जेम्स स्कुल धापाखेल (ललितपुर), डीएभी. सुशील केडिया स्कुल जावलाखेल (ललितपुर), ब्राइट होराइजन चिल्ड्रेन्स होम मातातीर्थ (काठमाडौं), पिस प्वाइन्ट स्कुल बानेश्वर (काठमाडौं), ब्राइट एन्जल स्कुल थानकोट (काठमाडौं), पेगासस स्कुल गोकर्णेश्वर (काठमाडौं), सन साइन स्कुल चन्द्रागिरि (काठमाडौं) र बाघभैरव स्कुल कीर्तिपुर (काठमाडौं) विद्यालयका गरी कूल १५ टिमको सहभागिता रहेको छ ।

फागुन ८ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा पहिलो हुने टिमलाई ६० हजार, दोस्रोलाई २० हजार र तेस्रोलाई १० हजार रुपैयाँ नगद पुरस्कारसहित रनिङ ट्रफि प्रदान गरिनेछ । प्रतियोगिताका खेलहरू लिग कम नकआउटको आधारमा सञ्चालन हुनेछ ।

उक्त कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, विभिन्न विद्यालयका प्रधानाध्यापकहरू, अखिल नेपाल फुटबल संघका पदाधिकारी, सञ्चारकर्मी, स्थानीय बुद्धिजीवी तथा भद्रभलाद्मीहरुको उपस्थिति रहेको थियो ।

नेपाल एपीएफ स्कुल कीर्तिपुर (रातो) र पेगासस् स्कुल गोकर्णेश्वरबीच भएको उद्घाटन खेलमा नेपाल एपीएफ स्कुल कीर्तिपुर ६-० गोलले बिजयी भएको छ ।








# सशस्त्र प्रहरी बल नेपालको भूमिका, चुनौती र भावी रणनीति बिषयक अन्तरक्रिया तथा गोष्ठी



२५औँ सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव)को अवसरमा प्रधान कार्यालयमा माघ २ गते सशस्त्र प्रहरी बल नेपालको भूमिका, चुनौती र भावी रणनीतिका बारेमा एकदिने अन्तरक्रिया तथा विचार गोष्ठी कार्यक्रम सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ ।

कार्यक्रममा उहाँले सशस्त्र प्रहरी बल नेपालले स्थापनाकालदेखि नै देशको शान्ति सुरक्षा, विपद् व्यवस्थापन, सीमा सुरक्षा, राजश्व संकलनलगायतका कार्यहरूमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आइरहेको बताउनुहुँदै यस अन्तरक्रिया तथा विचार गोष्ठी कार्यक्रमले विगतका उपलब्धिहरुबाट प्रेरणा लिन, वर्तमान सुरक्षा चुनौतीको सामना गर्न तथा भावी रणनीति बनाउन उल्लेख्य सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सशस्त्र प्रहरी बल, नेपालले आफ्नो स्थापनाको २५औ वसन्त पार गरी रजत महोत्सव मनाउने क्रममा हालसम्म गरेका संस्थागत योगदानको समीक्षा र विविध चुनौतीहरूको सामना गर्न भावी रणनीतिको तर्जुमा, संगठनलाई थप प्रभावकारी, व्यावसायिक तथा सक्षम बनाउने उद्देश्यअनुरूप सुरक्षाविद् सीमाविद् विपद्विज्ञ पूर्वसुरक्षाकर्मी तथा सम्बन्धित विज्ञहरूको सहभागितामा एक दिवसीय अन्तरक्रिया एवं विचार गोष्ठी कार्यक्रमको आयोजना गरिएको थियो ।

अन्तरक्रिया कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक गणेशबहादुर ठाडा मगरले सशस्त्र प्रहरी बल नेपालको २५ वर्षे यात्रा : भूमिका, उपलब्धि र संस्थागत सिकाई सम्बन्धमा प्रस्तुतीकरण गर्नुका साथै सीमित स्रोतसाधनका बाबजुद पनि सशस्त्र प्रहरी बल, नेपाललाई प्राप्त कार्यादेशहरू उत्कृष्ट ढंगमा निर्वाह गर्दै आइरहेको उल्लेख गर्नुभयो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख ई. दिनेशप्रसाद भट्टले विपद् व्यवस्थापनमा सशस्त्र प्रहरी बल, नेपालले उल्लेखनीय भूमिका निर्वाह गर्दै आइरहेको बताउनुभयो ।

त्यसैगरी अवकाशप्राप्त सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्रकुमार श्रेष्ठले सशस्त्र प्रहरी बल नेपाल राष्ट्रिय गौरवको संस्था भएको र यस संगठनलाई विपद् व्यवस्थापन क्षेत्रमा थप प्रभावकारी बनाउन प्रविधि तथा स्रोतसाधन सम्पन्न र कानुनी रूपमा नै डेडिकेटेड फोर्सको रूपमा परिचालन गर्न आवश्यक रहेको बताउनुभयो ।

अवकाशप्राप्त सशस्त्र प्रहरी महानिरीक्षक पुष्पराम के.सी.ले बहुआयामिक रूपमा विपद् व्यवस्थापनका क्षेत्रमा प्रविधि तथा स्रोतसाधन सम्पन्न भई विपद् प्रतिकार्यमा भन्दा पनि पूर्वतयारीमा बढी जोड दिन आवश्यक तथा समुदाय र सम्बन्धित सबै सरोकारवाला निकायहरूसँगको सहकार्य र समन्वयमा कार्य गर्न जरुरी रहेको बताउनुभयो ।

कार्यक्रममा सुरक्षाविद् डा. इन्द्र अधिकारी, अवकाशप्राप्त प्रहरी अतिरिक्त महानिरीक्षक डा. गोविन्दप्रसाद थापा, नापी विभागका पूर्वमहानिर्देशक बुद्धिनारायण श्रेष्ठ, नापी विभागका पूर्वमहानिर्देशक तोयानाथ बराल, अवकाशप्राप्त सशस्त्र प्रहरी महानिरीक्षक सिंहबहादुर श्रेष्ठ, नापी विभागका महानिर्देशक प्रकाश जोशी, नापी विभागका पूर्वमहानिर्देशक पुण्यप्रसाद वली, सशस्त्र प्रहरी बल गठन आयोगका अध्यक्ष एवं पूर्वसचिव खेमराज रेग्मी, सुरक्षाविद् गेजा शर्मा वाग्ले, अवकाशप्राप्त रथी सदीपबहादुर शाहलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

अवकाशप्राप्त सशस्त्र प्रहरी महानिरीक्षक सनतकुमार बस्नेतले आन्तरिक र बाह्य सुरक्षा क्षेत्रमा समयसापेक्षरूपमा अघि बढ्न जरुरी रहेको र आवश्यकताअनुसार विभिन्न अप्रेसनल गतिविधिहरू सञ्चालन गर्न विशेष सुरक्षा योजनासहित परिचालन हुनुपर्ने बताउनुभयो। अवकाशप्राप्त उपरथी टंकप्रसाद भट्टले देशको बाह्य तथा आन्तरिक सुरक्षा जस्तो संवेदनशील विषयमा स्पष्ट राष्ट्रिय सुरक्षा ऐनको आवश्यकता रहेको उल्लेख गर्नुभएको थियो भने अवकाशप्राप्त उपरथी पूर्ण सिलवालले इन्टेलिजेन्स र टेक्नोलोजीको प्रयोगका साथसाथै सुरक्षा निकायहरूबीच युनिफाइड कमान्डको अवधारणा फिल्डमा उपलब्धिमूलक हुने बताउनुभयो ।

त्यसैगरी अवकाशप्राप्त सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणबाबु थापाले देशमा नवीनतम् सुरक्षा चुनौती सिर्जना भइरहेको अवस्थामा राष्ट्रले सुरक्षा निकायका पूर्वकर्मचारीहरूलाई समेत सोहीअनुरूप सुरक्षा कार्यमा सदुपयोग गर्नुपर्ने बताउनुभयो ।

# ‘निर्वाचनको बेला नेपाल प्रहरी वा अन्य कर्मचारीलाई सहयोग आवश्यक परे तत्काल परिचालन हुनु’ - सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले निर्वाचनको समयमा नेपाल प्रहरी वा निर्वाचनमा खटिएका कर्मचारीलाई सहयोग आवश्यक परेमा तत्काल खटिन र त्यसको लागि आदेश लिईरहन नपर्ने निर्देशन दिनुभएको छ ।

माघ २७ र २८ गते गण्डकी प्रदेशका विभिन्न जिल्लामा निर्वाचन सुरक्षा स्थिति बुझ्ने क्रममा महानिरीक्षक अर्यालले भूकम्प जस्ता प्रकोपमा स्वतः परिचालन भएजस्तै निर्वाचनको समयमा पनि अन्य निकायका सुरक्षाकर्मी र निर्वाचनमा खटिएका कर्मचारीलाई आवश्यक परेको खण्डमा स्वतः परिचालित हुन र परिचालन पश्चात मुख्यालयमा जानकारी गराउनहुन निर्देशन दिनुभएको हो । आदेशको पर्खाइमा नबस्नुहोस्, सुरक्षात्मक कारवाहीका लागि तत्काल परिचालन भएर जानकारी गराउनुहोस्, आदेश कुर्नु पर्दैन, यही स्थायी आदेश हो महानिरीक्षक अर्यालले भन्नुभयो ।

महानिरीक्षक अर्यालले नं. २४ कालिका गण कास्की मातहत परिचालन हुने निर्वाचन प्रहरीहरुलाई समेत पूर्ण आत्मविश्वासकासाथ निर्वाचनमा परिचालन भई निर्वाचन सुरक्षामा खटिनु पर्नेमा जोड दिनुभयो ।

सोही दिन उहाँले स्याङजा र पाल्पा जिल्लाका सशस्त्र प्रहरी बल नेपालका युनिटहरु पुगेर निर्वाचन सुरक्षा बारे जानकारी लिनु भएको थियो । स्याङजास्थित जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारीसहित जिल्लास्तरीय सुरक्षा समितिको पदाधिकारीहरुसँग महानिरीक्षक अर्यालले आसन्न निर्वाचनको सुरक्षा बारेमा जानकारी लिनुभयो ।

निर्वाचन विथोल्न खोज्नेहरुको प्रयास विफल बनाउन सबै सुरक्षा निकायका सुरक्षाकर्मीबीच समन्वय र सहकार्य जरुरी रहेको बताउनुहुँदै उहाँले निश्पक्ष निर्वाचन र मतदाताको सुरक्षामा कुनै कमीकमजोरी नगर्न निर्देशन दिनुभयो । सो क्रममा स्याङजा जिल्लाका प्रमुख जिल्ला अधिकारी इश्वरी प्रसाद अर्यालले सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले जिल्लामा नै आएर शान्ति सुरक्षा बारे जानकारी लिनुभएकोमा सुरक्षा व्यवस्थापनमा थप उर्जा मिलेको बताउनुभयो ।

यसैगरी महानिरीक्षक अर्यालले स्याङजा वालिङ्गस्थित नं. ३० गुल्म र निर्वाचन सुरक्षा बेस गल्याङ पुगेर निर्वाचन तयारीबारे जानकारी लिनुकासाथै आवश्यक निर्देशन दिनुभएको छ ।

यसैगरी उहाँले नं. ३५ गुल्म पाल्पा पुगेर निर्वाचनको तयारीबारे जानकारी लिनुभएको छ । सो क्रममा गुल्मपति सशस्त्र प्रहरी नायव उपरीक्षक झुपा कुमारी पन्थीले निर्वाचन सुरक्षाबारे जानकारी गराउनुकासाथै प्रमुख जिल्ला अधिकारी विनु बज्रचार्य कुँवर लगायत जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुसँग जिल्लाको शान्ति सुरक्षा र निर्वाचन सुरक्षाबारे जानकारी समेत लिनुभएको थियो ।



महानिरीक्षक अर्यालले उच्च मनोवलकासाथ निर्वाचन सुरक्षामा खटिन र नेपाली सेना, नेपाल प्रहरी र निर्वाचन कर्मचारीहरुलाई थप मद्दत र सहयोग आवश्यक परेमा आदेश विना नै तत्काल परिचालन हुन देशैभरका युनिटलाई निर्देशन दिएको जानकारी समेत गराउनु भएको थियो । उहाँले गुल्मी जिल्लाको शान्ति सुरक्षा निर्वाचन तयारीबारे पनि जानकारी लिनुभएको छ। उहाँले लुम्बिनी प्रदेशमा समेत निर्वाचन तयारीबारे स्थलगत भ्रमण, अनुगमन तथा जानकारी लिनुभएको छ ।

यसैगरी सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक बंशीराज दाहालले सुदूरपश्चिम प्रदेश अन्तर्गत नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय कैलाली र मातहत युनिटहरुको अनुगमन गरी निर्वाचन सुरक्षाबारे जानकारी लिनुभएको छ । अतिरिक्त महानिरीक्षक दाहालले निर्वाचन लक्षित सुरक्षा अनुगमनका क्रममा माघ २८ गते डोटी र डडेलधुरा जिल्लाका मुख्य निर्वाचन अधिकृत, नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय कैलालीका निमित्त बाहिनीपति तथा जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुसँग छलफल गरी निर्वाचन सुरक्षाका बारेमा जानकारी लिनुभएको हो ।

त्यसैगरी उहाँले दार्चुला, डोटी, बझाङ, बाजुरा, बैतडी, अछाम जिल्लास्थित सशस्त्र प्रहरी बल नेपालका कार्यालय प्रमुख तथा कर्मचारीहरुसँग निर्वाचन सुरक्षा तयारी, बन्दोबस्ती तथा वस्तुस्थितीबारे जानकारी लिनुकासाथै निर्वाचन सुरक्षार्थ त्रुटिरहित ढंगबाट कार्य गर्न समेत निर्देशन दिनुभएको छ । आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, मर्यादित र भयरहित वातावरणमा सम्पन्न गराउने उद्देश्यकासाथ सशस्त्र प्रहरी बल नेपालका सम्पूर्ण कर्मचारीहरु निर्वाचन क्षेत्रमा परिचालित भइरहेका छन् ।

## शिलालेख अनावरण





२५औँ सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव)को अवसरमा नं. २ गण झापाले अमर शहीदको स्मरण र सम्मानस्वरूप दमक नगरपालिका-३ बेलडाँगीमा वीरगति प्राप्त सशस्त्र प्रहरी कर्मचारीको शिलालेख अनावरण गरी सम्मानस्वरूप पुष्पगुच्छा अर्पण गरेको छ ।

नं. २४ कालिका गण कास्कीले पोखरा महानगरपालिका-१५ स्थित वीरगति प्राप्त सशस्त्र प्रहरी सहायक निरीक्षक विष्णुबहादुर कार्कीको स्मारिका निर्माण सम्पन्न गरी सम्मानस्वरूप पुष्पगुच्छा अर्पण गरेको छ ।

## खाद्यान्न तथा फलफूल वितरण



२५औँ सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव)को अवसरमा नेपाल एपीएफ ठाकोदेवीजोगेन्द्र भगत स्कुल, सप्तरीको आयोजनामा नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक कृष्ण ढकालको प्रमुख आतिथ्यमा माघ ७ गते धनुषा जिल्लाको जनकपुरधाम उपमहानगरपालिका-१२ स्थित मानवसेवा आश्रमका वृद्धवृद्धाहरुलाई भोजन गराउनुको साथै फलफूल वितरण गरिएको छ ।

# उद्धार/विविध

## यात्रुवाहक बस दुर्घटनामा खोज तथा उद्धार



काठमाडौबाट ओखलढुंगाको लागि छुटेको बस माघ २७ गते रामेछाप जिल्लाको मन्थली नगरपालिका-६ त्रिवेणी घाटस्थित तामाकोशी नदीमा दुर्घटना भएको छ। दुर्घटनामा परी १२ जनाको घटनास्थलमा नै मृत्यु भएको छ भने ८ जनाको घाईते अवस्थामा उद्धार गरिएको छ।

प्रदेश ३-०१-००५ ख ९९७५ नम्बरको यात्रुवाहक बस करीव २० मिटर तल तामाकोशी नदीमा खसेर दुर्घटना भएको हो। दुर्घटना लगत्तै सशस्त्र प्रहरी बल नेपाल गुल्म रामेछाप र विपद् व्यवस्थाप बेश खुर्कोटबाट गोताखोरसहित नेपाल प्रहरीको संयुक्त टोली उद्धार कार्यमा खटिएको थियो। दुर्घटनामा परी ७ पुरुष र ५ महिला गरी १२ जनाको मृत्यु भएको हो।

## भ्यान दुर्घटनामा घाईते भएका चालकको उद्धार



काभ्रे जिल्लाको मण्डनदेउपुर नगरपालिका-९ बितौरी पोखरीस्थित हिगुवापाटी चन्देनी सडक खण्डमा माघ १४ गते भ्यान दुर्घटना हुँदा भ्यानभित्र च्यापिएकी महिला चालकको उद्धार गरिएको छ।

नवप्रतिभा इग्लिस बोर्डिङ स्कुलको ५ जना विद्यार्थी बोकेको बा १ ज ८६७२ नम्बरको भ्यान अचानक ब्रेक फेल भई दुर्घटना भएको बताइएको छ। दुर्घटनामा परी सोही ठाउं बस्ने भ्यानकी चालक २४ वर्षीया दीपिका ढकाल घाइते भएकी हुन्। सो दुर्घटनाबारे जानकारी पाउनासाथ नं. १५ गण काभ्रेबाट सशस्त्र प्रहरी सहायक निरीक्षक भरत न्यौपानेको कमान्डमा विपद् उद्धार सामाग्रीसहित खटिएको सुरक्षा फौज र नेपाल प्रहरीको संयुक्त टोलीले चालक दीपिका ढकालको कम्मर मुनीको भाग भ्यानले च्यापिएको अवस्थामा सिट काटेर निकालेको हो। उद्धारपश्चात् उनलाई उपचारको लागि धुलिखेल अस्पताल पठाइएको छ भने ५ जना विद्यार्थीहरू सकुशल रहेका छन्। उद्धार गरिएको उनको कम्मरमुनिको भाग नचल्ने र बोल्न नसक्ने अवस्थामा रहेकी थिइन्।

## नारायणी नदीमा हाम फालेकी महिलाको सकुशल उद्धार



चितवन जिल्लाको भरतपुर महानगरपालिका-२ पुलचोकस्थित नारायणी नदीमा हाम फालेकी महिलाको उद्धार गरिएको छ।

सोही जिल्लाको भरतपुर महानगरपालिका-२० बस्ने २० वर्षिय सविना परियार नारायणी पुलबाट सो नदीमा हाम फालेकी थिइन्। सो लगत्तै आईआरटी पोष्ट पुलचोकबाट सशस्त्र प्रहरी सहायक निरीक्षक गंगाराज गोलेको कमाण्डमा खटिएको सुरक्षा फौजले उनलाई सकुशल उद्धार गरेको हो। उद्धार पश्चात उनलाई उपचारको लागि भरतपुर अस्पतालतर्फ पठाईएको छ।



धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका-३ स्थित सलाङ्घाटमा माघ ११ गते माटोको ढिस्कोले पुरिएका दुई जनाको विपद् व्यवस्थापन बेश आदमघाट धादिङको सुरक्षा फौजसहित नेपाली सेना र नेपाल प्रहरीको संयुक्त टोलीले उद्धार गरेको छ।



धनकुटा जिल्लाको धनकुटा नगरपालिका-४ छारागाउँमा भएको आगलागी नियन्त्रण गर्दै नं. ६ छिन्ताङ गुल्मको सुरक्षा फौज।

## माघ महिनाको बरामदी विवरण

### बाहिनी मुख्यालय, गण, गुल्म तथा सुरक्षा बेस र बीओपीहरुले बरामद गरेको चोरीनिकासी तथा पैठारीको विवरण

| सि.नं. | जिल्ला | रकम रु. |
|---|---|---|
| १ | इलाम | १०३३७५ |
| २ | झापा | ५७२८००५ |
| ३ | मोरङ | ४७६७३४० |
| ४ | सुनसरी | ३३०१७२८ |
| ५ | सप्तरी | १६१६७७० |
| ६ | सिराहा | ५४२८३३३ |
| ७ | धनुषा | ३०६६३६५ |
| ८ | महोत्तरी | १७७९०२० |
| ९ | सर्लाही | ४६७३९०८ |
| १० | रौतहट | ३०८११८७ |
| ११ | बारा | ३२२०७५५ |
| १२ | पर्सा | ७०१६१३९ |
| १३ | चितवन | ६९९६० |

| सि.नं. | जिल्ला | रकम रु. |
|---|---|---|
| १४ | सिन्धुपाल्चोक | ८९१६० |
| १५ | रसुवा | ५७२९५० |
| १६ | प.नवलपरासी | १०२४६२५४ |
| १७ | रुपन्देही | ९२८६५५५ |
| १८ | कपिलबस्तु | २८०२२३२ |
| १९ | दाङ | ३५३६०० |
| २० | बाँके | ७८०३९२६ |
| २१ | बर्दिया | २३७१७२० |
| २२ | कैलाली | १२०१५५४७ |
| २३ | कन्चनपुर | ८१८२३०१ |
| २४ | डडेल्धुरा | ३०१०० |
| जम्मा | | ९७६०७२३० |

## शव फेला

चितवन जिल्लाको भरतपुर महानगरपालिका-१ नारायणी नदीमा हाम फाली बेपत्ता भएका युवकको शव फेला परेको छ। सोही जिल्लाको भरतपुर महानगरपालिका-२९ बस्ने अन्दाजी २८ वर्षिय युवक उक्त नदीमा माघ ८ गते हाम फाली बेपत्ता भएका थिए। सो घटनाबारे जानकारी पाउनासाथ नं. १७ गण चितवनबाट खटिएको सुरक्षा फौजले उनको शव घटनास्थल भन्दा करीब सय मिटर तल फेला पारेको हो।



## हार्दिक श्रद्धाञ्जलि



जन्म २०३७।०९।१८ स्वर्गारोहण २०८२।१०।२३

**सशस्त्र प्रहरी उपरीक्षक स्व. राजेश घिमिरे**

नं. ३ गढिमाई वाहिनी मुख्यालय मकवानपुर दरबन्दी भई नं. ३ कंकालिनीमाई गण मोरडमा कार्यरत सशस्त्र प्रहरी उपरीक्षक राजेश घिमिरेको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं।

**सशस्त्र प्रहरी बल, नेपाल**



जन्म २०३७।०५।१८ स्वर्गारोहण २०८२।१०।०१

**सशस्त्र प्रहरी निरीक्षक स्व. घनश्याम घिमिरे**

पाथीभरा जवान तालिम शिक्षालय झापामा कार्यरत सशस्त्र प्रहरी निरीक्षक घनश्याम घिमिरेको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं।

**सशस्त्र प्रहरी बल, नेपाल**



जन्म २०४५।०३।२१ स्वर्गारोहण २०८२।१०।०२

**सशस्त्र प्रहरी हवल्दार स्व. मनोज अर्याल**

नं. २६ गण पश्चिम नवलपरासी दरबन्दीका सशस्त्र प्रहरी हवल्दार मनोज अर्यालको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं।

**सशस्त्र प्रहरी बल, नेपाल**

पाक्षिक रेडियो तथा टेलिभिजन कार्यक्रम समर्पण राष्ट्रका लागि हरेक महिनाको पहिलो र तेश्रो आइतबार रेडियो नेपालबाट १९:४० बजे, हरेक महिनाको पहिलो र तेश्रो बिहीबार १७:२५ बजे नेपाल टेलिभिजनका साथै Website: www.apf.gov.np मा सुन्न र हेर्न सकिनेछ। रेडियो कार्यक्रम संगठनको फेसबुक पेज Armed Police Force, Nepal मा समेत सुन्न सकिने छ।

# स्थापना दिवस

## राजश्व भन्सार तथा औद्योगिक तालिम शिक्षालय टिकापुर

राजश्व भन्सार तथा औद्योगिक तालिम शिक्षालय टिकापुरको २३औं स्थापना दिवस नं. ७ बैद्यनाथ वाहिनी मुख्यालय कैलालीका वाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक प्रदिपकुमार पालको प्रमुख आतिथ्यमा माघ १० गते सम्पन्न भएको छ ।

नायब महानिरीक्षक पालले स्थापना दिवसको अवसरमा संचालन गरिएको विभिन्न खेलकुद प्रतियोगितामा उत्कृष्ट हुन सफल सशस्त्र प्रहरी कर्मचारी तथा बर्ष भरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रशंसा पत्र प्रदान गर्नुभएको थियो ।



## नं. ३० गुल्म स्याङजा



नं. ३० गुल्म स्याङजाको आठौं स्थापना दिवस नं. ४ मुक्तिनाथ वाहिनी मुख्यालय कास्कीका वाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक दीपेन्द्र शाहको प्रमुख आतिथ्यमा माघ १० गते सम्पन्न भएको छ ।

स्थापना दिवसको अवसरमा संचालन गरिएको विभिन्न खेलकुद र व्यवसायिक कौशल तर्फका विधामा उत्कृष्ट हुन सफल सशस्त्र प्रहरी कर्मचारी तथा बर्ष भरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई नायब महानिरीक्षकले पुरस्कार तथा प्रशंसा पत्र प्रदान गर्नुभएको थियो ।

## गुल्म पूर्वी रुकुम

गुल्म पूर्वी रुकुमको आठौ स्थापना दिवस सशस्त्र प्रहरी जवान तालिम शिक्षालय नौवस्ता बाँकेका समादेशक सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक नरेन्द्र बमको प्रमुख आतिथ्यमा माघ १२ गते सम्पन्न भएको छ ।

जिल्लास्थित सरकारी कार्यालयका प्रमुख, अमर सशस्त्र प्रहरी कर्मचारीका परिवारजन, अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारी, परिवारजन, समाजसेवी, स्थानीय भद्रभलाद्मीहरुको उपस्थिती रहेको थियो ।





हुल तथा दंगा व्यवस्थापन तालिम शिक्षालय लामापाटन पोखरामा संचालित सि.सं. २१ युवक अधिकृत तालिम सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको प्रमुख आतिथ्यमा माघ २७ गते सम्पन्न भएको छ ।

## निर्वाचनको ७२ घण्टा अगावै सीमा नाका बन्द गरिने




सशस्त्र प्रहरी बल नेपालले फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा नेपाल भारत सीमा नाका ७२ घण्टा अगावै बन्द गर्ने भएको छ । माघ २३ गते मोरङ जिल्लाको विराटनगरमा सम्पन्न भएको सशस्त्र प्रहरी बल नेपाल र भारत सशस्त्र सीमा बल (SSB) बीचको १६औं डिआईजी स्तरीय समन्वय बैठक सो निर्णय भएको हो ।

बैठकमा सीमा सुरक्षा, सूचनाको आदान-प्रदान, तेस्रो मुलुकका नागरिकको अवैध प्रवेश नियन्त्रण, मानव बेचबिखन, नक्कली मुद्रा, हातहतियार तथा लागुऔषध ओसार-पसार नियन्त्रण लगायत विषयमा छलफल भएको थियो । त्यसैगरी सीमा क्षेत्रका संभावित नाकाहरू पहिचान गरी त्यसबाट हुनसक्ने खतरा मूल्याङ्कन गर्ने, शरणार्थी/आप्रवासीहरूको गतिविधि उपर निगरानी राख्ने, विभिन्न तह बनाई Checkpoint र Barrier खडा गर्ने, आपराधिक तत्वहरूबाट हुनसक्ने घुसपैठ कडाइका साथ नियन्त्रण गर्ने, सीमा क्षेत्रमा मादक पदार्थ बिक्री वितरण र सेवनमा पूर्णत: बन्देज गर्ने लगायत विषयहरुमा समेत छलफल भएको थियो ।

बैठकमा नं. १ बराह वाहिनी मुख्यालय सुनसरीका वाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक कुमार न्यौपानेले सीमा केवल दुई देशबीचको रेखा नभई मित्रताको प्रतीक भएको उल्लेख गर्नुभएको थियो भने भारतीय एसएसबीका डिआईजी सरोज कुमार ठाकुरले नेपाल-भारत सीमा क्षेत्रलाई आगामी दिनमा अझ मजबुत र बलियो बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

बैठकमा सशस्त्र प्रहरी नायब महानिरीक्षकहरु अन्जनी कुमार पोखेल, दिपेन्द्र शाह, कृष्ण ढकाल र मनिष थापा लगायत भारतीय एसएसबीको तर्फबाट डीआईजी सरोज कुमार थाकुर, मन्जीत सिंह, सुरेश सुब्रमनिम, राजेस टिक्कु र मनिस कुमारको समेत उपस्थिति रहेको थियो ।

# स.प्र.बल, नेपाल इकाई परिचय

## नं. १५ गण काभ्रेपलाञ्चोक

तत्कालीन श्री ५ को सरकार मन्त्रीपरिषद्को २०५८ साल चैत्र ३० गतेको निर्णयले मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत वागमती अञ्चलमा परिचालन हुने गरि प्रसिद्ध देवी कालीन्चोक भगवतीको नामबाट २०५९ साल बैशाख २४ गते तत्कालीन नारायणी अञ्चलको चितवन जिल्ला दारेचोक गाविस-३ कुरिनटारमा स्थापना भएको थियो ।

ठुलो जिम्मेवारी ईलाका र काठमाण्डौं उपत्यकाको सुरक्षा व्यवस्थामा समेत परिचालन हुनुपर्ने हुँदा परिचालनमा समस्या भएकोले २०६० साल भाद्र १३ गते कीर्तिपुर नगरपालिका-८ बाँफोबारी काठमाण्डौंमा स्थानान्तरण भई कार्यसम्पादन गरिरहेकोमा आवश्यक्ता अनुसार संगठनले उक्त स्थानमा नेपाल एपीएफ स्कुल स्थापना गर्ने निर्णय गरेपश्चात पुन: २०६२ साल पुस २७ गते कीर्तिपुर नगरपालिका-१३ चोभार काठमाण्डौमा स्थानान्तरण भएर कार्यसम्पादन गरेको थियो ।




संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०७५ अनुसार सशस्त्र प्रहरी बल, नेपाल को पुन: संरचना पश्चात उक्त स्थान सशस्त्र प्रहरी बल, नेपाल नं. १८ गण हे.क्वा. निलवाराहीलाई हस्तान्तरण गरि २०७६ साल बैशाख १६ गते देखि काभ्रे जिल्लाको पाँचखाल नगरपालिका-३ कुरकुरे डाँडामा सशास्त्र प्रहरी बल, नेपाल नं. १५ गण हे.क्वा. काभ्रेको नामबाट कार्य सम्पादन गर्दै आइरहेको छ । २ सय २० रोपनी क्षेत्रफलमा रहेको गण जिल्ला सदरमुकाम धुलिखेलदेखि करिब १७ किलोमिटर पूर्व-उत्तरमा अवस्थित छ ।

गणको जिम्मेवारी ईलाका पूर्वमा रामेछाप र दोलखा, पश्चिममा काठमाण्डौं ललितपुर र भक्तपुर, उत्तरमा सिन्धुपाल्चोक र दक्षिणमा सिन्धुली र मकवानपुर जिल्ला पर्दछन् । गण मातहत २ वटा अस्थायी मनसुनजन्य विपद् प्रतिकार्य वेस (पनौती र भकुण्डे) तैनाथ रहेका छन् । गणले गुल्म हे.क्वा. सिन्धुलीलाई जनशक्ति र वन्दोवस्ती व्यवस्थापन गर्दै आएको छ । नेपाल सरकारबाट संगठनलाई प्राप्त कार्यादिशहरूलाई BIRD Concept मा प्राथमिकिकरण गरि गण तथा मातहत युनिटहरुले आन्तरिक सुरक्षा, विपद् उद्धार र पुन:स्थापना, निर्वाचन सुरक्षा तथा अन्य सुरक्षा निकायहरुसँग सुमधुर सम्बन्ध कायम राख्दै समन्वय र सहकार्य गरी महत्वपूर्ण कार्यहरु समेत गर्दै आइरहेको छ ।



सप्रउ माधव रेग्मी
गणपति

### हालसम्मका गणपतिहरु

| सि.नं. | दर्जा | नामथर | कार्यरत देखि | कार्यरत सम्म |
|---|---|---|---|---|
| १. | सप्रउ | सुशिलकुमार श्रेष्ठ | २०५८।१२।२९ | २०५९।०३।२९ |
| २. | सप्रउ | सुर्यकुमार श्रेष्ठ | २०५९।०३।२९ | २०६०।०३।०३ |
| ३. | सप्रउ | ललितकुमार गौचन | २०६०।०३।०३ | २०६१।०२।०६ |
| ४. | सप्रउ | नारायणबाबु थापा | २०६१।०२।०६ | २०६१।०४।०१ |
| ५. | सप्रउ | देवेन्द्रकुमार सुब्बा | २०६१।०४।०१ | २०६३।०२।०९ |
| ६. | सप्रउ | रामशरण पौडेल | २०६३।०२।०९ | २०६४।०२।०६ |
| ७. | सप्रउ | सुबोधकुमार अधिकारी | २०६४।०२।०६ | २०६५।०२।०२ |
| ८. | सप्रउ | राजेन्द्र बस्नेत | २०६५।०२।०२ | २०६६।०४।२० |
| ९. | सप्रउ | राजु अर्याल | २०६६।०४।२० | २०६७।०५।०४ |
| १०. | सप्रउ | शान्तिराम थापा | २०६७।०५।०४ | २०६८।०७।०१ |
| ११. | सप्रउ | शम्भु सापकोटा | २०६८।०७।०१ | २०६९।०५।०८ |
| १२. | सप्रउ | भरतकुमार श्रेष्ठ | २०६९।०५।०८ | २०७०।०३।१६ |
| १३. | सप्रउ | राघव सिं. थापा | २०७०।०३।१६ | २०७१।०५।०८ |
| १४. | सप्रउ | बिरबहादुर श्रेष्ठ | २०७१।०५।०८ | २०७२।०५।२७ |
| १५. | सप्रउ | दुर्गाप्रसाद भट्टराई | २०७२।०५।२७ | २०७३।०५।१९ |
| १६. | सप्रउ | श्यामकाजी कुँवर | २०७३।०५।१९ | २०७४।०४।२६ |
| १७. | सप्रउ | कालिदास धौवजी | २०७४।०४।२६ | २०७५।०२।१८ |
| १८. | सप्रउ | बेनुप्रसाद पाठक | २०७५।०२।१८ | २०७६।०४।१६ |
| १९. | सप्रउ | पुरुषोत्तम थापा | २०७६।०४।१६ | २०७७।०४।१६ |
| २०. | सप्रउ | महेश के.सी. | २०७७।०४।१६ | २०७८।१०।०५ |
| २१. | सप्रउ | सुरेन्द्र बुढाथोकी | २०७८।१०।०५ | २०७९।१०।१६ |
| २२. | सप्रउ | अच्युतकुमार मजगैया | २०७९।१०।१६ | २०८०।११।०६ |
| २३. | सप्रउ | त्रिभुवन विष्ट | २०८०।११।०६ | २०८१।०३।२१ |
| २४. | सप्रउ | प्रेम प्रसाई | २०८१।०३।३१ | २०८२।०३।२१ |
| २५. | सप्रउ | माधव रेग्मी | २०८२।०४।०१ | हाल सम्म |

## कविता

### म सशस्त्र प्रहरी



प्र.स.प्र.नि.
**कृष्णन्दन राय**

देशको लागि समर्पित म सशस्त्र प्रहरी
देशको लागि ज्यान दिने म सशस्त्र प्रहरी ॥

जनताको हितमा सधैं तयार रहने म सशस्त्र प्रहरी
जनतालाई विपदमा रक्षा गर्ने म सशस्त्र प्रहरी ॥

जनताको शान्ति सुरक्षा प्रतिबद्धता म सशस्त्र प्रहरी
देशको सीमा सुरक्षा गर्ने म सशस्त्र प्रहरी ॥

देशलाई परेको बखत सेवा गर्ने म सशस्त्र प्रहरी
देशको लागि आफूलाई नै बिर्सने म सशस्त्र प्रहरी ॥

### पोशाकको महत्व



सशस्त्र प्रहरी सहायक हवल्दार
**विष्णुराम भण्डारी**

चेतनाभित्र जीवन अनुभवी हो सिपाही
हो कस्तो जनमानस सक्षम ज्ञान सिकाइ
राख्दछ धेरै जिज्ञासा उच्च शिक्षा मनोहर
जीवन रक्षा प्राणीको लाग्नेछ त्यस्तो रहर ।

हिम पहिरोमा हुन्छ जोखिम बाढी बग्दछ
प्रयास आफ्नो विवेक प्रदर्शनीमा रोक्ने छ
आकर्षण कार्य भयो मानव रह्यो हर्षित
आदर्श मनोभावना कहाँ हुन्छ पो वञ्चित ॥

चिन्तन मन विचार चिन्ताले दुःखी बनायो
उत्साहित मनोबल आनन्दित त्यो रमायो
हुँदैन खान हरेस यात्रामा जो रमाउनु छ
बदल्ने भाव स्वभाव बलियो समाउनु छ ॥

जीवन कस्तो बुझ तेजिलो आँखा रहनु
चोटिलो धार मुटुमा सौन्दर्य हुन्छ सहनु
कहिले एक्लो भएन भावना भयो उत्कृष्ट
जहिल्यै खुसी हृदय सदैव आहा सन्तुष्ट ॥

बुझ्दै यहाँ तत्व ज्ञान साथमा साथ दिनेछ
देशको खम्बा बनेर काँधमा काँध मिल्नेछ
बन्धन दिन्न छुटाउन एक भई लम्कनु छ
यो देशको सुन्दरता पुस्तालाई सुम्पनु छ ॥

विश्वास दीप झल्कने उज्यालो रूप देखाउन
आश्वस्त दिल टल्कने इतिहास लेखाउन
पवित्र हाम्रो प्यारो छ नेपाल प्रकृति देश
आत्मसात् अतीत यो झल्किन्छ सिपाही भेष ॥

### वार्षिक उत्सव मनाउ है साथी



सशस्त्र प्रहरी सहायक हवल्दार
**जीतबहादुर राई**

उमंग भई वार्षिक उत्सव मनाऊँ है साथी
भूपू तथा अम्मर सशस्त्र प्रहरीका परिवारहरूलाई
बोलाऊँ है साथी ।

देशको लागि बलिदान दिने हाम्रा अम्मर सशस्त्र
प्रहरीको फोटोमा माल्यार्पण गरौं है साथी ॥

माघ ९ गते २५ औं सशस्त्र प्रहरी बल, नेपालको
वार्षिक उत्सव मनाऊँ है साथी ।

हर्ष, उत्साह, उमंग भई रमाऊँ है साथी
रंगीचंगी अनि भव्यताका साथ मनाऊँ है साथी
आगन्तुक तथा अतिथिलाई स्वागत गरौं है साथी ॥

अम्मर सशस्त्र प्रहरी कर्मचारीप्रति अमर रहनु भनी
कामना गरौं है साथी ।
अम्मर सशस्त्र प्रहरी परिवारलाई दोसल्ला ओढाई
स्वागत गरौं है साथी ।

केही कदापि आफू अमर भए पनि
पछि गई पश्चात्ताप नहोस् है साथी ॥

### सशस्त्र प्रहरी



सशस्त्र प्रहरी जवान
**सुमन लिम्बु**

कर्तव्यलाई धर्म मानी मानवता बोकेर
जनताको सेवा गर्न आएँ अघि बढेर ।

तराई, पहाड होस् या हिमालमा
पुग्छ सशस्त्र प्रहरी हरेक विपत्तिमा ।

विपत्तिमा जनतालाई सेवा गर्दै आउँदा
यो मन हाँस्छ जनतालाई उद्धार गर्न पाउँदा ।

दुःख होस या सुख साथमा हुन्छ सशस्त्र
खट्नु पर्दा विपत्तिमा गर्दैन कसैलाई अभद्र ।

बफादारी गर्छ डिउटी सीमावर्ती नाकामा
कठिनाइको सामना गरी रक्षा गर्छ देशमा ।

आपतमा अघि साहसको आवाज
जस्तोसुकै विपत्तिमा गर्छ सधैं साहस ।

### गौरवता मेरो संगठनको



सशस्त्र प्रहरी सहायक हवल्दार
**केशवबहादुर कुँवर**

गौरवता रहोस् मेरो संगठनको हिमालको शिर जस्तै।
अघि बढ्दै जाने छौ हामी हरेक विपत्तिमा अटल र स्थिर जस्तै ॥

छोड्ने छैनौ हामी ईमानको बाटो झुक्ने हैनौ कहिल्यै पनि।
सार्वभौम स्वतन्त्रताको रक्षा गरियोस् उज्यालो भास्कर जस्तै॥

आउने हरेक स्वार्थका ति छायाँहरुमा कहिल्यै नडगमगाऔं हामी ।
शान्ति सुरक्षाको विश्वास बोकेर हिडौं हामी साहस र सौर्य जस्तै ॥

शान्ति र सेवाको दीप बालेर अन्धकार चिर्दै अघि-अघि बढौं ।
असाहय र पिडितको आशा भरोसा बनौं करुणाको सागर जस्तै ॥

हाम्रा स्वर्णीम कर्मका अक्षरहरुले नाम लेखियोस् यो ईतिहासमा ।
लड्छौ हामी आपत्तिमा पुर्खाका अदम्य साहस र पौरख फर्केर जस्तै ॥

## समर्पण एपीएफ मासिकको लागि

लेख रचना, युनिटले गरेका कामकारवाही, पक्राउ, बरामद, उद्धार तथा
अन्य सामाग्री पठाउन स.प्र. बल, नेपाल प्र.का. सूचना शाखा
**इमेल** : infosec.secretariat@gmail.com, **फोन** : ०१-५२४९००६

## रक्तदान





२५ औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव)को अवसरमा नं. २ गण झापाको आयोजना तथा नेपाल रेडक्रस सोसाइटी भद्रपुर उपशाखाको सहकार्यमा माघ ७ गते बृहत् रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।
माघ ८ गते २५ औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव)को अवसरमा दन्तकाली विशेष कार्य तालिम शिक्षालयको आयोजना र नेपाल रेडक्रस सोसाईटी रक्तसंचार सेवासँगको समन्वयमा शिक्षालयमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरुले रक्तदान गरेका छन् ।



**२५औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव) को अवसरमा नं. ३१ गण बर्दिया र नेपाल रेडक्रस सोसाईटी गुलरियाको आयोजनामा रक्तदान कार्यक्रम गरिएको छ ।**



**Larsen and ap, Toubro Cosnstruction को आयोजनामा काठमाडौंको शंखरापुर नगरपालिका-३ लप्सिफेदीस्थित विद्युत सब स्टेशन निर्माणस्थलमा रक्तदान गर्दै सुरक्षा बेश लप्सिफेदीको सुरक्षा फौज ।**



**२५औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव)को अवसरमा ताप्लेजुङ जिल्लाको फक्ताङलुङ गाउँपालिका-७ ओलाङचुङगोलादेखि तप्लाभञ्ज्याङसम्म झण्डा मार्च गर्दै बिओपी ओलाङचुङगोलाको सुरक्षा फौज ।**



**२५औं सशस्त्र प्रहरी दिवस (रजत महोत्सव)को अवसरमा Quick Impact Project(QIP) अन्तर्गत नं. ९ गण महोत्तरीले मटिहानि नगरपालिका-७ स्थित परिक्रमा गाछिमा चापकल निर्माण गरी स्थानीय बासिन्दालाई हस्तान्तरण गरेको छ ।**



**नं. ३४ गण कैलालीले कञ्चनपुर जिल्लाको पुनर्वास नगरपालिका-११ डोकेबजारस्थित त्रिनगर नाकामा यात्रु प्रतिक्षालय निर्माण गरेको छ ।**

■ **प्रकाशक: सशस्त्र प्रहरी बल, नेपाल** ■ **प्रकाशन समिति:** सप्रउ आनन्द थापा मगर (संयोजक), सदस्यहरु: प्रा.सप्रनाउ ई.सौरभ राज वन्त, सप्रनाउ शैलेन्द्र थापा, सप्रनि दिल कुमार श्रेष्ठ
**कम्प्यूटर लेआउट:** सप्रसनि मनोज कुँवर, **कम्प्यूटर अपरेटर:** सप्रह मिनबहादुर हैंजाली मगर, **तस्वीर:** छापाखाना, फोटोग्राफी तथा श्रव्यदृश्य शाखा र मातहत इकाई